Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81952
Research Article
ISSN: 3021-9035 Print

# नेपालका चाडपर्व र संस्कारको सामाजिक विश्लेषण तथा रूपान्तरण

**केशवराज सिलवाल**
*keshabsilwal222@gmail.com*

## लेखसार

यो लेखमा नेपालका चाडपर्व र संस्कारहरूको ऐतिहासिक सन्दर्भ, वर्तमान अवस्था, विश्व व्यवस्थाको बदलिँदो स्वरूप र नेपाली सन्दर्भ जोड्ने प्रयास गरिएको छ। यसका साथै विभिन्न सांस्कृतिककर्मीहरूको भनाइ र रूपान्तरणको बारेमा विश्लेषण गरिएको छ। प्रकृतिसँगको अन्तर्क्रिया र मानिसको लामो अनुभवबाट संस्कृतिको निर्माण हुन्छ । कार्ल मार्क्सले संस्कृतिलाई उत्पादनका सम्बन्धसँग जोड्नुभएको छ अर्थात् संस्कृति उत्पादनको सम्बन्धबाट उत्पन्न हुन्छ। संस्कृति र चाडपर्व र संस्कार समयअनुसार परिवर्तन, परिमार्जन र विभिन्न किसिमले उपयोग हुँदै आएको छ। विश्वको समग्र इतिहास हेर्ने हो भने सत्तापक्षले संस्कृतिको अपव्याख्या गर्ने र आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्दै आएको देखिन्छ। पश्चिमा र पूर्वेली दुवै सभ्यतामा संस्कृतिसँग जोडिएर आउने धार्मिक चाडपर्व र संस्कार मार्फत राज्यले मानिसलाई अधीनमा पार्दै आएको छ । नेपालमा विभिन्न चाडपर्व तथा संस्कार मनाउँदै आइएको छ । ती कतिपय धर्मसँग जोडिएका छन् भने कतिपय आर्थिक र प्राकृतिक सम्बन्धमा गाँसिएका छन्। नेपालको चाडपर्व तथा संस्कारले सामाजिकता प्राप्त गरेकाले ती सर्वव्यापी बन्दै आएका छन्। तर पनि समय र परिस्थितिअनुसार तिनीहरू परिवर्तन हुँदै आएका छन्। आधुनिकीकरण र भूमण्डलीकरण चाडपर्व र संस्कारमा धेरै रूपान्तरण भएका छन्। अर्कोतर्फ चाडपर्व र संस्कार कसरी रूपान्तरण गर्न सकिन्छ भन्ने बहस भइरहेका छन्। चाडपर्व र संस्कारलाई कसरी विश्लेषण गर्ने र रूपान्तरण कसरी हुन सक्छ भन्ने बारेमा यो लेखले विभिन्न विद्वान्का अध्ययनलाई आफ्नो अनुसन्धान सामग्री बनाएको छ । आर्थिक पक्ष तथा उपभोगलाई मात्र जोड दिँदा नेपाली चाडपर्व र संस्कार ठिमाहा बन्न पुगेका छन् । नेपालमा चाडपर्व र संस्कारलाई पूर्ण निषेध होइन, यसको धार्मिक पक्षलाई कम गर्दै सामाजिक सम्बन्धलाई अझ बढाउँदै यसको रूपान्तरण गर्न सकिन्छ भन्ने यस लेखको मुख्य सार रहेको छ।

## शब्दकुञ्जी

संस्कृतिकर्मी, भूमण्डलीकरण, रूपान्तरण

## विषय प्रवेश

नेपाल विभिन्न चाडपर्व र संस्कारको प्रचलनले सांस्कृतिक रूपमा धनी देश हो। चाडपर्व र संस्कार नेपाली संस्कृतिका अभिन्न अङ्ग हुन्। नेपाली समाजमा हिन्दु धर्म मान्नेहरूले दसैँ, तिहार, तिज, बालाचतुर्दशी, माघेसङ्क्रान्ति, शिवरात्री, श्रीपञ्चमी आदि चाडपर्व मान्ने गरेका छन् भने बौद्ध धर्म मान्नेले वैशाख पूर्णिमा, मुस्लिमलको इदुलफित्र, वकर इद तथा रोजा र क्रिश्चियनले क्रिसमस मनाउने गरेका छन् । ती चाडपर्वमा मिठोमिठो खाने, आफन्त भेटघाट गर्ने, नाचगान गर्ने र विभिन्न देवीदेवताको पूजा गर्ने गरिन्छ। चाडपर्व र संस्कार के हुन् भन्ने बारेमा विभिन्न विद्वान्ले अध्ययन गरिसकेका छन्। बहुसङ्ख्यक हिन्दु धर्मवालम्बी भएको कारणले हिन्दु चाडपर्वले नेपाली समाजमा गहिरो प्रभाव पार्ने गरेका छन्। हिन्दु धर्म संसारकै

सबैभन्दा पुरानो धर्म हो, जसमा विविध मान्यता, सामाजिक अभ्यास, मूल्यमान्यता र चाडपर्व रहेका छन्। यस लेखमा खास गरी चाडपर्व र संस्कारका बारेमा सङ्क्षिप्त चर्चा गरेर त्यो रूपान्तरणका लागि भएका प्रयासबारे विश्लेषण गरिएको छ।

चाडपर्व र संस्कार नेपाली संस्कृतिका अभिन्न अङ्ग हुन्। संस्कृति मानिसले आफ्नो जीवनपद्धति सञ्चालनका लागि निर्माण गरेको हुन्छ। व्यस्त दैनिकीसँगै मानिसलाई केही समय सुस्ताउन र मनोरञ्जन गर्नका लागि चाडपर्वको सृजना भएका हुन् भन्ने अध्येता विद्वान्को निचोड रहेको छ। चाडपर्वमा धार्मिक मात्र नभएर आर्थिक सम्बन्ध पनि जोडिएको हुन्छ (ढकाल, २०२२, पृ. ९७)। सामाजिक सम्बन्धलाई चाडपर्वले अझ बलियो बनाएका छन्। काममा फुर्सद भएको समय प्राकृतिक ऋतु परिवर्तनलाई हेरेर कतिपय चाडपर्व तय गरिएका छन्। त्यस्ता चाडपर्व पनि समयअनुसार परिवर्तन हुँदै आएका छन्। जसरी समाज आदिम साम्यवाद, दास युग, सामन्त युग र पुँजीवाद हुँदै भूमण्डलीकरणमा आइपुगेको छ; त्यसरी नै चाडपर्व पनि परिवर्तन भएका छन्। उत्पादनका साधन र सम्बन्ध परिवर्तन हुँदा चाडपर्व पनि परिवर्तन भएका छन्। कुनै लोप भएर नयाँ चाडपर्व थपिएका छन् भने कुनै चाडपर्वमा समयअनुसार तिनका प्रक्रिया तथा उद्देश्यमा परिवर्तन भएका छन्। परम्परागत चाडपर्वमा परिवर्तन हुनुपर्छ भने एकथरीको भनाइ रहेको छ भने अर्कोतर्फ निरन्तरताको पक्षधर पनि कायम रहेका छन्। यिनै सन्दर्भमा चाडपर्वको विश्लेषण र रूपान्तरणको अनुसन्धान हुनु महत्त्वपूर्ण रहेको छ।

## *अध्ययन विधि*

नेपालका चाडपर्व र संस्कारको विश्लेषण तथा रूपान्तरण लेख लेख्नका लागि द्वितीयक स्रोत प्रयोग गरिएको छ। खासगरी यो लेखमा गुणात्मक विश्लेषणात्मक अध्ययन विधि आत्मसात् गरिएको छ। तथ्याङ्कका लागि पुस्तक, पत्रपत्रिकाको अध्ययन र विभिन्न विद्वान्का लेख–रचना प्रयोग गरिएको छ। केही अनलाइन र वेबसाइटबाट तथ्याङ्क लिइएको छ। अध्येता आफैँ चाडपर्व र संस्कारको अनुभवी भएकोले त्यसलाई सहभागितामूलक अवलोकन विधि भन्न सकिन्छ। अवलोकन विधिले अभ्यास भइरहेका घटनाको अनुसन्धाता आफैँले अनुभव लिएर अनुसन्धानको गहिराइसम्म पुऱ्याउँछ। यस लेखमा अन्तर्वार्ता लिइएको छैन। नेपालका चाडपर्व र संस्कारको रूपान्तरणमा भएका बहसलाई सैद्धान्तिक र अभ्याससँग जोडेर विश्लेषण गरिएको छ। लिइएका तथ्याङ्कलाई वर्गीकरण गरेर व्याख्या र विश्लेषण गरी सैद्धान्तिकीकरण गर्न खोजिएको छ।

## *संस्कृति, चाडपर्व र संस्कारको सैद्धान्तिक पक्ष*

समाजशास्त्रअनुसार संस्कृति जीवन जिउने पद्धति हो, जसले समाजलाई मूल्य, मान्यता र संस्कारले बाँधेर राखेको हुन्छ। संस्कृति समग्र मानव सभ्यताको उपलब्धि हो र यो सिक्ने तथा सामाजिकीकरणको प्रक्रियाबाट प्राप्त हुन्छ। ग्रिट्जका अनुसार संस्कृति एउटा त्यस्तो जालो हो जसले मानिसलाई जनावरभन्दा माथि र महत्त्वपूर्ण अर्थ प्रदान गर्दछ (ग्रिट्ज, १९९५, पृ. ५)। संस्कृति भौतिक तथा अभौतिक हुन्छन्, जसबाट हामी कार्य गर्ने र सोच्ने दुवै काम गर्दछौँ (बोर्दु, १९९०, पृ. ११२)। मानिसले संस्कृतिको निर्माण गर्छन् र पछि संस्कृतिले मानिसको निर्माण गर्दछ। चालिस हजार वर्ष पहिले मानव पुर्खा होमो स्यापियनसले द्रुतगतिमा संस्कृतिको निर्माण गरेका थिए भने आधुनिक सभ्यता इराक र चीनबाट बाह्र हजार वर्ष पहिले सुरु भएको थियो। विस्तारै धर्मको उत्पति भयो र संस्कृति र धर्म एकआपसमा अन्योन्याश्रित रूपमा अगाडि बढ्न थाले। तीन सय वर्ष अघि सुरु भएको औद्योगिक विकासले नयाँ संस्कृतिको बीजारोपण गऱ्यो।

मानव इतिहासको प्रारम्भमा धर्म थिएन। प्रारम्भिक साम्यवादमा मानिस कर्ममा विश्वास गर्दै सामूहिक रूपमा उत्पादनमा सहभागी हुन्थे। एथेन्सको इतिहासमा मानिसको राज्यमा प्रत्यक्ष सहभागितालाई महत्त्वपूर्ण मानिन्थ्यो र धर्मको खासै प्रभाव थिएन। दासयुगपछि मात्र धर्मको प्रभाव बढ्दै गएको कुरा इतिहासकार उल्लेख गर्छन्। युरोपमा रोमनकालमा क्रिश्चियन धर्म अगाडि बढ्यो भने त्यतिबेलै मुस्लिम र कन्फुसियन धर्म एशियामा लोकप्रिय हुँदै थिए। धर्मको उत्पति भएपछि मात्र संस्कृतिमा धर्म हावी

हुन पुग्यो र धार्मिक चाडपर्व तथा संस्कार मनाउन थालियो। कार्ल मार्क्सले भने जस्तै विस्तारै धर्मले अफिमका रूपमा संसारभर फैलिएर मानिसलाई अलौकिक कुरामा आकर्षित गर्न सफल भयो (मार्क्स, १८४३, पृ. ४४)। सामन्तकालमा सामन्तहरूले धार्मिक चाडपर्व तथा संस्कारलाई आफ्नो शक्ति सुरक्षित गर्ने अस्त्रका रूपमा प्रयोग गरे । विस्तारै राज्यसत्ताभन्दा पनि धर्म बलियो भयो, धर्मले सत्ता सञ्चालन गर्न थाल्यो र धर्मको नाममा ठुलाठुला युद्ध भए । सोह्रौं शताब्दीदेखि धर्म कमजोर हुँदै गए तापनि यसको प्रभाव अहिलेको भूमण्डलीकृत समाजमा पनि कायम रहेको छ। वास्तवमा सत्ता र धर्म एकअर्काका पूरक भएका छन् । यसकारण धर्म र संस्कृतिको बारेमा द्वन्द्ववादी दृष्टिकोण राख्नु र त्यसैअनुरूप अध्ययन गर्नु नै सच्चा मार्क्सवादी बन्नु हो । लेनिन भन्नुहुन्छ– धर्म आर्थिक शोषणको एउटा त्यस्तो स्वरूप हो, जसले हरेक ठाउँमा अरूका लागि निरन्तर श्रम गर्ने जनसमूहका जीवनलाई जो अभाव र एक्लोपनका कारण पहिले नै सन्त्रस्त छन्, अरू धेरै भार थपिदिएको छ (लेनिन, १९६५, पृ.१४२ )।

संस्कृतिलाई प्रकार्यवादीले सामाजिक एकताका लागि अपरिहार्य मान्दछन् भने द्वन्द्ववादीले शोषणको एक प्रक्रिया मान्दछन् (स्याफर, २००६, पृ. ६८) । माथिल्लो वर्गले शोषणको आफ्नै संस्कृति निर्माण गरेको हुन्छ भने मजदुर वर्गको आफ्नै खालको श्रमको संस्कृति हुन्छ । संस्कृतिभित्र पनि उप–संस्कृति हुन्छन् र चलनचल्तीको संस्कृतिविरुद्ध प्रतिरोधी संस्कृतिको विकास हुँदै जान्छ। यसरी हेर्दा संस्कृतिका विभिन्न आयाम हुन्छन्। सामाजिक सम्बन्ध, पारिवारिक सङ्गठन, धर्म, चाडपर्व र संस्कार कहिल्यै स्थिर र ठोस रहँदैनन्। यी सबै परिवर्तनशील छन्। दासयुग, सामन्त युग र प्रारम्भिक पुँजीवादमा मनाइने धर्म, चाडपर्व र संस्कार अहिलेभन्दा फरक थिए । सञ्चार र प्रविधिको उच्चतम् विकासले अहिले भूमण्डलीकरणको युग प्रारम्भ भएको छ। यो युगमा मनाइने चाडपर्व र संस्कार निश्चय नै फरक छन् । पहिले मनाइने दसैँ र तिज आदिमा भिन्नता पाइन्छ । अहिले पश्चिमा संस्कृतिको अतिक्रमण बढ्दै गएपछि एक किसिमको 'हाइब्रिड' अर्थात् 'ठिमाहा' संस्कृतिको निर्माण भइरहेको छ (रोविन्सन, २००८, पृ. ५६६) । लवाइखुवाइ र सामानको छनौट सबै विदेशी हुन पुगेका छन्। अङ्ग्रेजी नयाँ वर्ष, भ्यालेन्टाइन डे, क्रिसमसले विश्वव्यापी प्रभाव पारेका छन्। केक काटेर जन्म दिन मनाउने परम्परा पनि नेपाली समाजले भूमण्डलीकरणबाटै सिकेका हुन् । प्रगतिशील सांस्कृतिककर्मीले चाडपर्व, संस्कार र भूमण्डलीकरणबिचको सम्बन्ध केलाउन सक्नुपर्दछ।

अर्को महत्त्वपूर्ण कुरा नेपाली चाडपर्व र संस्कारहरू शक्ति सम्बन्ध (Relation of power) सँग सम्बन्धित छन् (फुको, १९८२, पृ. ७७७)। चाडपर्व र संस्कारहरूलाई राज्य र समाजमा कसरी शक्तिको प्रयोग भइरहेको छ; त्योसँग जोडेर हेर्नु उपयुक्त हुन सक्दछ। हरेक चाडपर्वमा राज्यको उपस्थिति सहजै देख्न सकिन्छ; जस्तै कतिपय चाडपर्वमा पहिलेका राजाजस्तै राष्ट्रपति उपस्थित हुने र सम्पूर्ण राज्य संयन्त्रले विशेष महत्त्व प्रदान गर्ने गरिएको छ । राज्य, धर्म र चाडपर्वको शक्ति सम्बन्धलाई पहिचान गरेमा मात्र रूपान्तरणको प्रक्रिया सुरु गर्न सकिन्छ। मानिस नजानेर अथवा चाहेर पनि शक्तिको मातहत बसिरहेको हुन्छ । मनोवैज्ञानिक रूपमा राज्य, समाज र परिवारमा शक्तिको सम्बन्ध कायम भएको हुन्छ। केटाकेटीमाथि बाबुआमाले शक्तिको सम्बन्ध कायम गरेका हुन्छन्।

मानिससँग पुँजी धेरै हुन्छन्, जुन मानिसले विभिन्न क्षेत्रमा खर्च गर्दछन्। ती पुँजी हुन्– आर्थिक, सामाजिक, सांस्कृतिक, साङ्केतिक पुँजी आदि। आर्थिक पुँजी प्रधान हुने भए पनि सांस्कृतिक र सामाजिक पुँजीलाई पनि महत्त्वमा राखेर चाडपर्वको विश्लेषण गर्नुपर्छ । मार्क्सले उत्पादन सम्बन्धबाट वर्गको उत्पति हुने बताउनुभएको छ। तर नव मार्क्सवादीहरूले म्याक्स वेबरको बजारको सम्बन्धलाई पनि वर्गमा जोड्न थालेका छन् (बुरिस, १९८७, पृ. ६७)। वास्तवमा पुँजीवाद, भूमण्डलीकरण र उपभोक्तावादलाई बजारले नै अगाडि बढाएको छ र बजारलाई छोडेर कुनै कुराको विश्लेषण गर्न नसकिने भएको छ। बजारवाद र उपभोक्तावादले चाडपर्व, संस्कार र दिवसलाई आफ्नो प्रभावमा लिएका छन्, त्यसैले पनि चाडपर्व र संस्कारको अध्ययनमा बजार जोड्न जरुरी भएको छ।

## रूपान्तरणको सिद्धान्त

समाजशास्त्रमा रूपान्तरण खोजी र अनुसन्धानकर्ताको

रुचिको विषय हो। समाज र संस्कृति निरन्तर परिवर्तन हुन्छ, बढ्छ, विकास हुन्छ भन्ने तथ्य यसको आधारभूत तत्त्व हो। विज्ञान, कला, शिक्षा, नैतिकता, धर्म, अर्थतन्त्र, राजनीति, पारिवारिक जीवन र हाम्रो अस्तित्वको आन्तरिक भागमा पनि परिवर्तन भएको छ। सर्वप्रथम रूपान्तरणलाई सामाजिक प्रणालीभित्र हुने वा समेट्ने परिवर्तनको रूपमा परिभाषित गरिएको छ। त्यस्ता सामाजिक प्रणालीमा आर्थिक, राजनीतिक र सांस्कृतिक सबै क्षेत्र पर्दछन्। म्याकियोनिस (१९८७, पृ. ९००) का अनुसार सामाजिक परिवर्तन भनेको समयको साथ सोच र कार्यको ढाँचामा ध्यान केन्द्रित गर्ने समाजको सङ्गठनको विकास हो। मानिस, समूह, सङ्गठन, संस्कृति र समाजको सामाजिक सम्बन्धमा विविधता रूपान्तरणको अभिव्यक्ति हो। रूपान्तरणलाई समयक्रममा व्यवहार, ढाँचा, सामाजिक सम्बन्ध, संस्था र सामाजिक संरचनाहरूमा परिवर्तनका रूपमा वर्णन गरिन्छ (स्टोम्का, १९९३, पृ. ५)। संरचनात्मक परिवर्तनलाई सामाजिक परिवर्तनको सबैभन्दा महत्त्वपूर्ण पक्ष मानिन्छ। किनकि यसले समग्र समाजलाई प्रभाव पार्छ। खण्डित परिवर्तनहरूमा ध्यान केन्द्रित गर्नुको सट्टा, संरचनात्मक सुधारहरूले समाज कसरी प्रगति गर्छ भनेर देखाउँदछ। क्यासल्सले सामाजिक परिवर्तनको पछाडि प्रेरक शक्तिका रूपमा राष्ट्रिय समाज, स्थानीय समूह र व्यक्तिहरू जस्ता विभिन्न संस्थाहरूको अन्तरसम्बन्धलाई जोड दिन्छन्। यो परिप्रेक्ष्यले विश्वव्यापी अन्तरसम्बन्ध र क्षेत्रीय, राष्ट्रिय र स्थानीय स्तरमा यसको प्रभाव स्वीकार गरिन्छ। सामाजिक रूपान्तरणको प्रक्रियाको रूपमा आधुनिकीकरण तथा औद्योगीकरणको व्यापक विश्लेषण गरिन्छ (ह्यास आदि, २०२०, पृ. १४)। आधुनिकीकरण र भूमण्डलीकरण जस्ता समकालीन परिवर्तनहरूलाई ध्यानमा राखेर रूपान्तरणको व्याख्या गर्नुपर्ने हुन्छ।

नोर्बर्ट इलियासले रूपान्तरणका विषयमा अरूले भन्दा फरक तरिकाले वर्णन गरेका छन्। उनले रूपान्तरणलाई संरचनात्मक परिवर्तन र सामाजिक अन्तरनिर्भरताको तीव्रताका साथ जोड्छन् (इलियास, १९७८, पृ. ३६६)। तर पनि यो आफ्नो पहिचान कायम राख्ने व्यक्ति कर्ताले अभिनेताहरूको भूमिका निर्वाह गर्दछ। नोबर्ट एलियासका अनुसार राज्यको एकाधिकार शक्तिको उदय, सभ्य व्यवहार र मानव अन्तरसम्बन्धको वृद्धि सामाजिक परिवर्तनका तीन प्राथमिक घटक हुन्। राजनीतिक र भौतिक प्रभुत्वका लागि सङ्घर्ष र प्रतिस्पर्धाले विश्वको सामाजिक र आर्थिक वातावरण परिवर्तन गरेको छ। मानव व्यवहार, शारीरिक कार्यहरू र सामाजिक मनोवृत्ति सभ्यताको प्रक्रिया तथा राजनीतिक र जबरजस्ती शक्तिको एकाधिकारको परिणामका रूपमा परिवर्तन हुन्छन्। अर्कोतर्फ राजनीतिक शक्तिमा परिवर्तन सामाजिक रूपान्तरणको एउटा महत्त्वपूर्ण तत्त्व हो। म्याक्स वेबरका अनुसार राजनीतिक शक्ति राज्यको अधिकारको एक रूप हो, जसले यसलाई व्यक्तिको व्यवहारलाई नियन्त्रण र प्रभाव पार्न, सामाजिक संरचना र नीतिहरूलाई आकार दिन सक्षम बनाउँछ (वेबर, १९२२, पृ. २११)। यसमा शक्तिमा स्रोतहरू परिचालन गर्ने, जनमत प्रभावित गर्ने र सामाजिक र आर्थिक नीतिहरू परिवर्तन गर्ने कुरा समावेश छ। यसका विपरीत मिचेल फुकोले राजनीतिक शक्तिलाई उत्पादक र दमनकारी दुवैका रूपमा हेर्छन् (फुको, १९८२, पृ. ७७९)। यसले सामाजिक मान्यता र संस्थाहरूलाई मात्र आकार दिँदैन। तर विभिन्न सामाजिक अभ्यासहरू र संस्थाहरू, जस्तै विद्यालय, अस्पताल र जेलहरू मार्फत व्यक्तिगत व्यवहारलाई नियमन र नियन्त्रण गर्दछ। राजनीतिक शक्ति दैनिक अभ्यास र संस्थाहरूमा समाहित छ, जसले सामाजिक रूपान्तरणलाई सहज बनाउँछ। यसले अधिकारका विभिन्न रूपलाई वैधानिक बनाउँछ; जसले नयाँ नीतिहरूको कार्यान्वयनलाई प्रभाव पार्छ; सार्वजनिक प्रवचनलाई आकार दिन्छ; सामाजिक संस्थाहरूको पुनर्गठन गर्छ र जबरजस्ती वा अनुनयमार्फत स्रोतहरूको पुनर्वितरण गर्दछ; जसले महत्त्वपूर्ण सामाजिक परिवर्तन ल्याउँछ।

कार्ल मार्क्सले रूपान्तरणलाई भौतिक परिवर्तनसँग जोड्दै द्वन्द्वात्मक विश्लेषण व्याख्या गरेका छन्। उनका अनुसार द्वन्द्व र परिवर्तनको परिणामका रूपमा सामाजिक रूपान्तरण संश्लेषित हुन्छ (मार्क्स, १८४८, पृ. ३५)। मार्क्स उत्पादन विधिमा आएको परिवर्तनमा ध्यान केन्द्रित गर्दछन्, जुन सामाजिक रूपान्तरणका लागि समाजको भौतिक आधार अथवा आर्थिक पूर्वाधार हो। उत्पादनका

सामाजिक सम्बन्ध तथा उत्पादनका शक्तिहरू मिलेर उत्पादनका साधनहरू निर्माण गर्छन् । अनि यी दुवैमा घनिष्ठ अन्तरक्रिया र विरोधाभास हुन्छ। मार्क्सका लागि, उत्पादनको सामाजिक सम्बन्धले धर्म, दर्शन, मानदण्ड, मूल्यमान्यता, परिवार, श्रेणी र समाजका वर्गको सङ्गठन आदि समाजको अधिसंरचना निर्धारण गर्दछ । समाज द्वन्द्ववादको सिद्धान्तबाट चल्छ र यसले सामाजिक रूपान्तरणमा लैजान्छ । अस्थिर विरोधाभासहरूले सबै सामाजिक व्यवस्थालाई पराजित गर्दै विद्यमान सामाजिक प्रणालीलाई नष्ट गर्दछ र नयाँ सामाजिक व्यवस्था उत्पन्न गर्दछ। मार्क्सका लागि सामाजिक रूपान्तरणको प्रमुख तत्त्व वर्ग चेतना हो।

## *नेपाली चाडपर्व र संस्कार*

नेपालका चाडपर्वलाई विश्लेषण गर्ने क्रममा विद्वान्हरूले चाडपर्वलाई मौसमअनुसारको, प्रकृतिसँग जोडिएका, शान्ति चाहनेको बाहुल्यता, कृषि कार्यसँग सम्बन्धित भनेर व्याख्या गर्ने गरेका छन् (खनाल, २०७५, पृ. ४ )। उदाहरणका लागि जनै पूर्णिमामा क्वाँटी खाने चलन जसबाट मानिसलाई प्रोटिन र कार्वोहाइड्रेट प्राप्त हुन्छ । माघे सङ्क्रान्तिमा चाकु र तिलको लड्डु खाने प्रचलन छ । यी सबै मौसमअनुसार मानिसलाई चाहिने पौष्टिक पदार्थसँग सम्बन्धित छन् । कुकुर र काग पुज्ने चलन, पिपलको बोट र तुलसीको बोटसम्बन्धी चाडपर्वले मानिसको जनावर र प्रकृतिसँगको सम्बन्धलाई उजागर गर्छन् । दसैँमा सबै काम सकेर आफन्तको भेटघाटलाई महत्त्व दिइन्छ। तीजमा महिलाले मनाउने पर्वले पुरुषको पितृसत्ताबाट माइती गएर साथीसँगी भेट गर्न पाउने अवसर पाउँछन् । यसरी हेर्दा चाडपर्वको आफ्नै महत्त्व पाइन्छ । देवीदेउताको पूजाआजा गर्नुका साथै नयाँनयाँ लुगा किन्नु, साथीभाइ तथ आफन्त भेटघाट गर्नु र मिष्ठान्न भोजन गर्नु चाडपर्वको मुख्य विशेषता हो (ढकाल, २०२२, पृ. १०१ )।

हिन्दु चाडपर्व र संस्कारको महत्त्वपूर्ण पाटो यसको आर्थिक सम्बन्ध हो। चाहे दसैँ होस् या तिहार, चाहे असार पन्ध्र होस् या माघे सङ्क्रान्ति सबैको आर्थिक महत्त्व पनि छ। त्यसैले दसैँ नमनाउनेभन्दा पनि यसको आर्थिक सम्बन्ध कस्तो छ र यो कसरी सञ्चालित हुन्छ भन्नेमा विश्लेषण केन्द्रित हुनुपर्दछ। उदाहरणका लागि दसैँ यस्तो मौसममा मनाइन्छ; जसमा भरखर वर्षात् सकिएको हुन्छ र धान रोपिसकेर मकै भित्र्याइएको हुन्छ। एक किसिमले मानिस फुर्सदमा हुन्छन्। त्यस्तै तिहारमा ऋतु परिवर्तन हुन लागेको हुन्छ र नयाँ धान भित्र्याउने तरखर भइरहेको हुन्छ। यसरी आर्थिक सम्बन्ध केलाउन थाल्यौँ भने चाडपर्वको विश्लेषणमा सहज अवस्था पैदा हुन्छ र समाधानमा पुग्न सकिन्छ । साहित्यकार मोदनाथ प्रश्रितले चाडवाडको आर्थिक सम्बन्धका बारेमा केही हदसम्म चर्चा गर्ने प्रयास गर्नुभएको छ (प्रश्रित, २०५८, पृ. १५४)। तर त्यो पर्याप्त र विस्तृत हुन सकेको छैन। चाडपर्व र संस्कार पनि मानव इतिहास, राजनीतिक र आर्थिक कारणले पैदा हुने सम्बन्ध हो, यी पुँजीवादको विकाससँगै वर्गीय भएका छन्। निरपेक्ष रूपमा भन्दा विहङ्गम र ऐतिहासिक पृष्ठभूमिमा विश्लेषण गर्न सक्नु सही विश्लेषक हुनु हो। यसतर्फ थोरै व्यक्तिको मात्र ध्यान केन्द्रित भएको छ।

बहुसङ्ख्यक नेपाली हिन्दु धर्मावलम्बी भएकोले यहाँका चाडपर्व हिन्दु धार्मिक परम्पराअनुसार लगातार चलिरहेका छन्। संसारकै पुरानो धर्म मानिने हिन्दु शब्दको सुरुवात् संस्कृत शब्द 'सिन्धु' बाट भएको हो, जुन सर्वप्रथम ऋग्वेदमा प्रयोग गरिएको छ। तेह्रौँ शताब्दीमा युरोपियनहरूले हिन्दुहरूको 'भूमि' भन्ने उल्लेख गरेपछि हिन्दुस्तान र तिनीहरूले मान्ने हिन्दु धर्म प्रचलनमा आयो। हिन्दु धर्मले मानिसको दैनन्दिनीलाई धार्मिक कर्मअनुसार बाँध्ने गरेको छ । यस मानेमा हिन्दुधर्मशास्त्र मूलतः नियमकानुनको सङ्ग्रह हो (चापागाइँ, २०६७, पृ. १५४)। मानिस आफैँले सृजना गरेको भए पनि यसले मानिसलाई कर्मबाट टाढा लैजाने र सांसारिक कुराभन्दा अलौकिक कुरामा विश्वास गर्ने बनाउँछ । यसै सन्दर्भमा हामीले हिन्दु चाडपर्व र संस्कारको विश्लेषण गर्नुपर्दछ। नेपाली चाडपर्व तथा संस्कारमा मात्र नभएर मानिसका हरेक तौरतरिकामा हिन्दुधर्मको अत्यधिक प्रभाव रहेको देखिन्छ।

नेपालका धर्म र चाडपर्वको अध्ययन गर्ने विद्वान् एन्डरसनका अनुसार नेपालमा कयौँ शताब्दीदेखि धर्म र

चाडपर्व मनाउँदै आएको राम्रो र नराम्रो आत्मा सबै ढुङ्गा, जनावर, रुख, नदी, पहाड र हिमालमा रहने प्रकृतिपूजक विश्वास रहँदै आएको छ (एन्डरसन, १९७१, पृ. २२)। विपत्तिबाट बच्न, लामो समय बाँच्न र दुःखपीडाबाट बच्न त्यस्ता आत्माको पूजा उपसना गर्ने प्रचलन बस्यो। पुर्खा, आमा र बुबाको पूजा र सम्मान गर्ने अभ्यास रहेको छ। आर्यहरू क्राइस्ट जन्मनुभन्दा १६ सय वर्ष अघिबाट क्यास्पियन समुद्र पार गर्दै पूर्वतर्फ लागेका थिए। तिनैले मात्रै गरेको जल, थल, हावा, सूर्य र आगो नै नेपालीले मात्रै धर्म र संस्कार बन्यो। विस्तारै धर्मको आकार, देवताको आकार र संस्कार बढ्दै जटिलतातर्फ अघि बढ्यो। नेपाली धर्म र चाडपर्वको गहन अध्ययनमा एन्डरसनको कुरा हेर्ने हो भने हिन्दु धर्म प्रकृतिपूजक हुँदै देवीदेवताको पूजाअर्चनातर्फ अगाडि बढेको छ। तीन देवता विष्णु, ब्रह्मा र शिवको आआफ्नै अस्तित्त्व कायम गरिएको छ। नेपालमा हिन्दुबाहेक बुद्धले आफू देवता नभएको बताए पनि उनलाई मात्रै बौद्ध धर्म पनि नेपालमा रहेको छ। नेपालमा हिन्दु र बौद्ध धर्मबाहेक मुसलमान र क्रिश्चियन आदि धर्म रहेका छन्। धर्मको भौतिक विश्लेषणको जरुरी पर्दछ; जुन केही विद्वान्हरूले प्रयास गरेका छन्, तर त्यो यथेष्ट छैन।

अहिलेका चाडपर्व र संस्कारहरू रुढीग्रस्त छन् भन्नु कुनै नौलो कुरा होइन। सही विश्लेषण र अध्ययन भएन भने त्यसको समाधान र विकल्प दिन सकिँदैन। उदाहरणका लागि जसले दसैँको विरोध गर्दा गर्दै पनि उसले किन बाबुको हातको टीका थाप्छ ? यसको अर्थ दसैंले कसरी सामाजिकता प्राप्त गरेको छ भन्ने प्रष्ट हुन्छ। यस विषयमा मनन गरेमा मात्र चाडपर्वको सामाजिक गहिराइ थाहा हुन्छ। दशवर्से जनयुद्धमा मानिसलाई दसैँ नमान्न उर्दी जारी गर्दै मृत्युसंस्कार गर्न रोक लगाइयो। तर त्यसको अन्त्य हुन सकेन अथवा समाधान भएन। २०६२/०६३ सालको जनआन्दोलनपछि फेरि पुरानै कुरा दोहोरियो। उल्टो जनयुद्धमा सहभागी क्रान्तिकारी भन्नेहरू चाडवाड र संस्कारमा सक्रिय सहभागी भए। यसले के देखाउँछ भने जबरजस्ती बल प्रयोग गरे पनि शताब्दीऔँदेखि मानिसको दिमागमा पत्थरझैँ जमेको मानसिकता सहजै परिवर्तन हुँदो रहेनछ। प्रथमतः हिन्दुवादी चाडपर्व र संस्कारहरूले एक किसिमको सामाजिकता ग्रहण गरिसकेका छन्, जुन लामो समयदेखि अवलम्बन गर्दै आइएको छ। सामाजिक सम्बन्धलाई हिन्दु धर्मले आफूमा समाहित गरेकोले नै यति लामो समय टिक्न र मानिसको दिमागमा प्रभाव जमाउन सफल भएको हो। मानिस सामाजिक प्राणी हो र ऊ सामाजिक सम्बन्धले बाँधिएको हुन्छ। पारिवारिक सङ्गठनको विकास भएपछि मानिसले पारिवारिक सम्बन्धलाई पहिलो प्राथमिकतामा राख्दै आएका छन्। त्यसकारण हिन्दु चाडपर्व र संस्कारको विश्लेषण गर्दा यीभित्र कति सामाजिक र पारिवारिक सम्बन्ध कायम छन् त्यसमा विशेष ध्यान दिनुपर्दछ।

आधुनिकीकरण, पुँजीवाद तथा विश्वव्यापीकरणले सामाजिक सङ्गठन, सामाजिक सम्बन्ध र संस्कृतिमा धेरै प्रभाव पारिरहेको छ। यसबाट हिन्दुवादी चाडपर्व र संस्कार पनि प्रभावित भइरहेका छन्। चाडपर्व र संस्कार धर्मबाट अलग हुँदै उपभोगको प्रवृत्ति हावी हुँदैछन्। यी झन् बढी सामाजिक बन्न पुगेका छन्। चाडपर्व र संस्कार धर्म सापेक्ष होइन, तर ती धर्म निरपेक्ष बन्ने क्रममा अगाडि बढिरहेका छन्। भूमण्डलीकरणको युगमा नेपाली चाडपर्व र संस्कार पश्चिम संस्कृतिबाट समेत प्रभावित छन् र आर्थिक क्रियाकलापका रूपमा अगाडि बढिरहेका छन्। त्यसैले ती हाइब्रिड अर्थात् ठिमाहा बन्न पुगेका छन् (रोविन्सन, १९९८, पृ. ५६६)। यसरी विश्लेषण गरेपछि मात्र हामी समस्याको किटानी गर्दै रूपान्तरणको विश्लेषण गर्न सक्छौँ।

## *चाडपर्वको रूपान्तरण र विकल्प*

चाडपर्वको रूपान्तरणको बारेमा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रबाट उठिरहेको साझा प्रश्न हो। केही प्रगतिशील सांस्कृतिक क्षेत्रमा क्रियाशील व्यक्तिले ती चाडपर्वका बारेमा विश्लेषण गर्ने र विकल्प प्रस्तुत गर्ने प्रयास गरेका छन् (किरण, २०६५; प्रश्रित, २०५८; गिरी, २०६७; चापागाइँ, २०६७)। मोहन वैद्य 'किरण', मोदनाथ प्रश्रित, निनु चापागाइँ, घनश्याम शर्मा पौड्याल, अमर गिरी, घनश्याम ढकाल र ईश्वरचन्द्र ज्ञवाली आदि यसअन्तर्गत पर्छन्। तर ती व्यवहारमा प्रयोग हुन सकेका छैनन्। प्रगतिशील

सांस्कृतिककर्मीबिचको एकताको कमी, विचारमा भिन्नता, राजनीतिक पार्टीसँगको सम्बद्धता र एक किसिमको प्रतिस्पर्धाले सानो र सहमतिमा हुन सक्ने काम पनि हुन सकेका छैनन्। प्रगतिशील सांस्कृतिककर्मीले सांस्कृतिक रूपान्तरणको जति कुरा गरे पनि सांस्कृतिक आन्दोलन सुरु नै भएको छैन।

मोहन वैद्य 'किरण' पुराना चाडपर्वको नवीकरण तथा जनयुद्ध दिवस, सहिद सप्ताहजस्ता नयाँ चाडपर्वको स्थापनामा जोड दिनुहुन्छ (किरण, २०६५, पृ. ६६)। उहाँले उल्लेख गरेजस्तो जनतामा देशभक्तिको भावना र गणतान्त्रिक चेतनाको विकास गर्न सकिएको छैन र पुराना चाडपर्व विस्थापित भएर नयाँ दिवस स्थापित भएका छैनन् । परम्परागत चाडपर्वमा जुन सामाजिक तत्त्व मिसिएको छ; त्यसलाई नयाँ विकल्पले समेट्नै सकेनन् । जनतालाई कुरा बुझाउनै सकिएन र अर्कोतर्फ तेरो र मेरोबिचको घेरा कोर्नुले चाडपर्वको आमूल परिवर्तनतर्फ जनताको आकर्षण हुनै सकेन। खासगरी सबै खालका जनतालाई सम्मिलित गर्दै हुने रूपान्तरण फैलँदै जान सक्थ्यो।

साहित्यकार र सांस्कृतिककर्मी मोदनाथ प्रश्रितले हिन्दुधर्मको वृहत् ऐतिहासिक पक्ष केलाउनुका साथै चाडपर्वका बारेमा प्रशस्त विवेचना गर्नुभएको छ। उहाँ लेख्नुहुन्छ–

> *ती परम्परागत चाडहरूलाई सीमित व्यक्तिले उपेक्षा या वहिष्कार गर्नुको सट्टा तिनीसित गाँसिएका गलत र अवैज्ञानिक प्रवृत्ति एवम् संस्कारहरूलाई हटाउने र नयाँ चेतनाको निर्माण गर्ने काममा ती चाडबाडलाई नै विभिन्न तरिकाले प्रयोग र उपयोग गर्दै तिनलाई पूर्ण सामाजिक चाडमा फेर्दै जाने र एकदमै अनुपयोगी भए मात्र क्रमशः हटाउँदै जाने नीति अँगाल्नु राम्रो हुन्छ*(प्रश्रित, २०५८, पृ.१५६)।

मोदनाथ प्रश्रितले प्रस्तुत गरेको विकल्पअनुसार चाडपर्वको बहिष्कार गर्नु सट्टा उपयोग र प्रयोग गर्दै नयाँ चेतनाको निर्माणमा लाग्नु नै सान्दर्भिक हुन्छ। चाडपर्वलाई पूर्ण सामाजिकीकरण गर्न प्रगतिशील सांस्कृतिककर्मीले परम्परागत चाडपर्वको सामाजिक पक्ष परिवारजन र इष्टमित्रको भेटघाटलाई निरन्तरता दिँदै धार्मिक गाँठो तोड्न जनतालाई प्रेरित गर्नुपर्छ। यसमा अर्का सांस्कृतिककर्मी र लेखक निनु चापागाइँले अझ प्रस्टसँग लेख्नुभएको छ। उहाँ लेख्नुहुन्छ–

> *दसैँ मनाउँदा परम्परागत परिपाटी, सोच, शैली र प्रणाली परित्याग गर्नैपर्दछ। परिवार अझ विशेष साथीभाइ, इस्टमित्र भेला हुने, सामूहिक रूपले रमाइलो वातावरणमा भेटघाट गर्ने, आमोदप्रमोद गर्ने र खानपान गरेर मात्रै यसलाई मनाउनु उपयुक्त हुन्छ। आम जनताको पक्षमा कुरा गर्दा सकेसम्म धर्मसँग जोडिएको पाटोलाई हटाउन प्रयास गर्ने, दसैँलाई दशा बनाउने तत्त्वबाट बच्ने, अनावश्यक खर्चबाट बच्ने, दुई दिनमा टीकाटालो गरिसक्ने परिटपाटीलाई प्रचलनमा ल्याउनु उचित हुन्छ* (चापागाइँ, २०६७, पृ. १०४)।

निनु चापागाइँले परिवार अझ विशेष साथीभाइ, इस्टमित्र भेला हुने, सामूहिक रूपले रमाइलो वातावरणमा भेटघाट गर्ने, आमोदप्रमोद गर्ने र खानपान गरेर दसैँ मनाउने विकल्प प्रस्तुत गर्नुभएको छ । उहाँले प्रस्तुत गर्नुभएको विकल्प ठिक नै भए पनि निम्न वर्गले उच्च वर्गले जस्तो आमोदप्रमोद गर्न सक्दैन। अर्कोतर्फ रमाइलो वातावरण भन्दै तास खेल्ने र रक्सी पिउने कुरालाई भने निरुत्साहित गर्नुपर्ने देखिन्छ। यसकारण दसैँलाई भेटघाटको चाड मात्र भन्न उपयुक्त हुन्छ।

सांस्कृतिककर्मी र साहित्यकार अमर गिरी सामान्यतः र सिद्धान्ततः मार्क्सवादीहरूले यसप्रकारका चाडपर्वहरू मनाउन मिल्दैन भन्ने उल्लेख गर्दै लेख्नुहुन्छ–

> *मार्क्सवादीहरूको सचेतन प्रयत्न पुरानो अन्तर्वस्तुले युक्त चाडपर्वहरूलाई नवीन अन्तर्वस्तु प्रदान गर्दै अघि बढाउने हुनुपर्दछ। जस्तै दसैँलाई धार्मिक सारतत्त्वबाट मुक्त गर्ने, बलिप्रथाविहीन बनाउने, पराशक्तिमाथिको विश्वासलाई हटाउने र भेटघाट, खानपिन, रमाइलो, शुभकामना आदान–प्रदान सम्बन्धको चाडका रूपमा विकास गर्ने। तिहारलाई दाजुभाइ दिदीबहिनीबिच सम्बन्ध हार्दिक बनाउने चाडका रूपमा मात्र मनाउने आदि* (गिरी, २०६७, पृ. ६६)।

अमर गिरीले यो प्रक्रिया जटिल भएको र जनतासँग एकीकृत हुँदै चाडपर्वहरूमा रूपान्तरणको ध्येयलाई पूरा गर्न मार्क्सवादीहरूले सचेतन रूपमा यस्ता चाडपर्वमा सहभागी हुनुलाई अनुचित ठान्न नहुने धारणा व्यक्त गर्नुभएको छ। यसो गर्नु भनेको जनतासँग हिँडेर जनतालाई बदल्ने अभियानमा लाग्नु हो भन्ने गिरीको भनाइ छ। प्रगतिशील गीत गाएर देउसीभैलो खेल्ने, व्रत बसेका महिलासँग तिजमा क्रान्तिकारी गीत गाउनेलाई अमर गिरी रूपान्तरणको सचेतन प्रयत्नको रूपमा लिनुहुन्छ। उहाँको भनाइ जनताबाट टाढिएर सांस्कृतिक रूपान्तरण हुँदैन भन्ने रहेको छ। तर निनु चापागाइँ तिहार नै नमान्ने भएपछि देउसीभैलीमा प्रगतिशील गीत गाउँदै हिँड्नुको कुनै तुक देख्नुहुन्न। उहाँ लेख्नुहुन्छ–

> *जे गरे पनि परम्परालाई नै निरन्तरता दिने प्रयास हो यो, नयाँ निर्माण होइन। त्यति मात्र होइन। देउसीभैलो शासकवर्गको परम्परा हो। यो परम्परा कतिपय जाति, जनजातिले मनाउने गरेका छैनन्, तर यस्ता सांस्कृतिक सङ्गठनले त्यस्तो परम्परा नमान्ने सांस्कृतिक समुदायलाई पनि शासकवर्गको संस्कृतिमा सामेल गराउने प्रयास गर्दछन्* (चापागाइँ, २०६७, पृ. १४६)।

माथि उल्लिखित लेखकले जुन विकल्प प्रस्तुत गरेका छन्, त्यसले प्रगतिशील सांस्कृतिक फाँटमा केही हदसम्म विकल्प प्रस्तुत गरेका छन्। तर मुख्य कुरा भने चाडपर्वसँग धर्म र राज्य अटुट रूपमा जोडिएका छन् भन्ने नै हो। सर्वप्रथमतः तिनीहरूलाई चाडपर्वबाट अलग गर्ने प्रयास गर्नुपर्छ। यसको अर्थ चाडपर्वमा प्रयोग हुने धार्मिक विधिविधान र राज्यले कुनै चाडपर्वलाई दिने विशेष महत्त्वको अन्त्य गरिनुपर्दछ। यसको लागि प्रगतिशील सांस्कृतिककर्मीले आन्दोलन सञ्चालन गरेर राज्यलाई दबाब दिन सक्दछन्। अर्कोतर्फ आमूल परिवर्तन हुन नसक्ने अवस्थामा क्रमिक सुधार पनि जायज नै मान्नुपर्ने हुन्छ; जसको विकल्प जनताबाट टाढिएर दिन सकिँदैन। बल प्रयोग गरेर गरिने रूपान्तरण पनि दिगो नहुने कुरा विश्व इतिहास र जनयुद्धको प्रयासले देखाइसकेका छन्। त्यसैले उल्लिखित लेखकहरूले चर्चा गरेजस्तै निरन्तर र सचेतन प्रयासले मात्र रुढीग्रस्त चाडपर्वमा परिवर्तन गर्न सकिन्छ। दसैँको सकारात्मक कुराजस्तै सामाजिक र पारिवारिक सम्बन्धलाई लिने तथा नकारात्मक कुरा धर्म र राज्यको प्रभावलाई त्याग्न जनतालाई प्रेरित गर्दै निरन्तर अभियान चलाउनुपर्छ। एकल प्रयासले भन्दा पनि सामूहिक प्रयास र निरन्तरको कार्यक्रमले मात्र रूपान्तरण हुन सक्छ। राजनीतिक पार्टी, कार्यकर्ता, समाजसेवी, बद्धिजीवी, महिला, विद्यार्थी सबैलाई सामूहिक रूपमा क्रियाशील नगराउने हो भने चाडपर्वको रूपान्तरण हुन सक्दैन।

मार्क्सवादीहरूको मुख्य लक्ष्य परम्परागत चाडपर्वको अन्त्य गरी श्रमसँग जोडिएको नयाँ चाडपर्व स्थापना गर्नु नै हो। तर जनवादी आन्दोलन सम्पन्न नभइसकेको अवस्था र लामो समयदेखि परम्परागत चाडपर्वले जनतामा जरो गाडेकोले त्यसबाट जनतालाई अलग गर्न खोज्नु निकै चुनौतीपूर्ण हुन्छ। जनतासँगको लामो संसर्ग र प्रयासले मात्र सांस्कृतिक रूपान्तरण गर्न सम्भव हुन्छ। क्रमिक सुधार गर्दै सांस्कृतिक रूपान्तरणतर्फको बाटो तय गर्न परम्परागत चाडपर्वका सम्बन्धमा थप केही विकल्प हुन सक्दछन्।

## *संस्कारको रूपान्तरण र विकल्प*

नेपाली समाजमा चाडपर्वबाहेक मानिसले जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू मनाउँदै आएका छन्। तर प्रगतिशील फाँटमा तिनीहरूको बारेमा विस्तृत अध्ययन र छलफल हुन सकेको छैन। केही लेखकहरूले चर्चा गर्ने र केहीले व्यक्तिगत रूपमा बहिष्कार गर्नेबाहेक कुनै प्रयास हुन सकेको छैन। संस्कृतिकर्मी तथा प्रगतिशील लेखकहरूमध्ये निनु चापागाइँले संस्कारको बारेमा धेरै चर्चा गर्नुभएको छ। उहाँले हिन्दुधर्ममा सोह्र संस्कारहरू रहेको उल्लेख गर्दै अन्नप्रासन संस्कार, नामकर्म संस्कार, चूडाकर्म संस्कार, उपनयन संस्कार, विवाह संस्कार, मृत्युसंस्कारमा गर्न सकिने परिवर्तनको चर्चा गर्नुभएको छ। उहाँ लेख्नुहुन्छ–

> *सर्वप्रथम संस्कारहरूलाई धर्मबाट अलग्याउने काम हुनुपर्दछ। दुई संस्कारका जटिल पद्धतिहरूलाई*

*सरल बनाइनुपर्दछ। र तीन संस्कारहरू गर्दा लाग्ने आर्थिक भार कम गरी मितव्ययिता अपनाइनुपर्दछ* (चापागाइँ, २०६७, पृ. १६१)।

निनु चापागाइँ यी तिनोटै कुरा गर्दा सकभर स्थानीय जनतालाई आफ्नो पक्षमा ल्याउन विशेष प्रयत्न गर्नुपर्नेमा जोड दिनुहुन्छ। उहाँ भन्नुहुन्छ–

*परम्परागत सामन्ती संस्कृतिबाट मुक्त नभएका जनता सबैले यस्तो क्रियाकलापको समर्थन गर्लान् भनी ठान्नु गलत हुन्छ* (चापागाइँ,२०६७, पृ. १६२)।

नामकरण संस्कारको बारेमा निनु चापागाइँ बोलाउन र परिचयको लागि नाम आवश्यक रहेको र एउटा योद्धाको आगमन भएकोमा खुसीयाली मनाउन सकिने कुरा उल्लेख गर्नुहुन्छ। जनभावना तथा बर्सौं चलेर आएको चलनलाई धार्मिक कुरा छुटाउँदै खुसीयालीमा सीमित गर्नु सान्दर्भिक र सहज देखिन्छ। तर यो त्यति सजिलो कुरा होइन। व्यवहारमा उतार्नको लागि प्रगतिशील सांस्कृतिककर्मीले जनतासम्म पुग्ने आन्दोलन सुरुवात गर्नुपर्दछ।

सामाजिक सङ्गठन निर्माणका लागि तथा जैविक आवश्यकताको लागि विवाह अनिवार्य हुन्छ। तर यसलाई राज्य र समाजका ठालुहरूले विभिन्न धार्मिक नियम बनाएर जटिल बनाइदिए। विवाहबाट पनि धर्मलाई हटाउनु जरुरी छ। एकातिर केही विपन्नहरू मन्दिरमा विवाह गरेर र प्रगतिशीलहरू जनवादी विवाह गरेर पारम्पारिक विवाहमा विकल्प प्रस्तुत गरेका छन्। त्यस्तै राज्यले कानुनी विवाहको व्यवस्था गरेको छ। एकअर्कालाई चिन्ने मौका प्राप्त हुने हुँदा प्रेमविवाह र सामाजिक अन्तर्घुलनको लागि अन्तरजातीय विवाह अझ राम्रो र उपयुक्त हुन सक्छ। विवाह संस्कारको बारेमा निनु चापागाइँ लेख्नुहुन्छ–

*विवाह प्रगतिशील तथा कम्युनिस्टहरूका निम्ति सम्बन्धित व्यक्तिहरूको नितान्त निजी विषय हो। तर हामी जुन सामाजिक अवस्थामा छौँ; त्यस अवस्थामा तत्काल यस्तो हुनु एकदमै कठिन छ। विवाहसंस्कार वास्तवमा सामाजिक मान्यता प्राप्त गर्न वा समाजसँग स्वीकृति लिन गरिने संस्कार हो। त्यसैले आवश्यक परिवारजन र इष्टमित्रको जमघटमा विनाविवाहमण्डप, विनाजग्गे, सिन्दूर, चुरा, पोते विवाहसंस्कार गरिनु उचित हुन्छ। दुलाहादुलहीले एकअर्कालाई फुल वा दुवाको मालाले स्वयंवर गरेर यो काम सम्पन्न गर्नु पर्याप्त हुन्छ* (चापागाइँ,२०६७, पृ. १५८)।

विभिन्न जातजातिको कुरा गर्दा कतिपयमा मागी, प्रेम, जारी, चोरी र मामाचेली–फूपुचेली विवाह प्रचलनमा छन्। तर पनि विवाह विधि भने धार्मिक परम्पराअनुसार हुने गरेको पाइन्छ। नेपाली समाजमा विद्यमान दाइजो प्रथा पनि विवाह संस्कारको नकारात्मक पक्ष हो। नकारात्मक पक्षलाई हटाउँदै चापागाइँले भनेजस्तो सामाजिक मान्यता प्राप्त गर्ने चलनमा विवाह संस्कारलाई सीमित गर्नु र विवाहका वैकल्पिक उपायजस्तै प्रेम र कानुनी विवाह अपनाउनु उचित देखिन्छ।

आफन्तको मृत्यु एउटा पीडादायक क्षण भएकाले मृत्युसंस्कार अन्य संस्कारभन्दा बढी संवेदनशील छ। साथै निनु चापागाइँका अनुसार यो सबैभन्दा पुरानो संस्कार हो। उहाँका अनुसार यो संस्कारलाई प्रगतिशील रूप दिँदा विशेष चनाखो हुनु जरुरी छ। मृत्युसंस्कारमा पनि मृत व्यक्तिका परिवारजनलाई चोख्याउने र मृत व्यक्तिलाई स्वर्गमा पुऱ्याउनेलगायत धार्मिक विधिविधान जोडिएका छन्। प्रगतिशीलहरूले मृत्यसंस्कारलाई प्रगतिशीलकरण गर्दा यही धार्मिक क्रियाबाट जोगिनु आवश्यक रहेको निनु बताउनुहुन्छ। मृत्यु संस्कारबारेमा उहाँ भन्नुहुन्छ–

*प्रगतिशीलहरूले मृत्युसंस्कारलाई प्रगतिशीलकरण गर्दा यही धार्मिक क्रियाबाट जोगिनु आवश्यक हुन्छ। यसो गर्नु भनेको कोरा बार्नु, ढिकुरो फोर्नु, क्रियापुत्री बस्नु, पिण्डपानी, तर्पण, दानदक्षिणा दिनु, पुरेत लगाउनु, गरुड पुराण लगाउनु आदि सबै धार्मिक विधिविधानहरू नगर्नु हो। सेतो लुगा लगाउने र कपाल काट्न सकिन्छ तर अरू धार्मिक प्रक्रियाबाट अलग भएर मात्र। यसो गर्नेबित्तिकै बरखी बार्ने र बाह्रतेह्र दिन जुठो बार्नुपर्ने आवश्यकता पनि स्वतः समाप्त हुन्छ। बढीमा पाँच दिन शोक मनाउन उचित देखिन्छ* (चापागाइँ, २०५९, पृ. १६१)।

निनु चापागाईंले प्राध्यापक माणिकलालको भनाइमा सहमति जनाउँदै संस्कारभित्र रहेका जति पनि शोषणकारी कुराहरू छन्, तिनलाई परित्याग गर्नैपर्दछ र शोषणसँग नगाँसिएका कुराहरूलाई ग्रहण गर्न हिचकिचाउनु पर्दैन भन्ने कुरा उल्लेख गर्नुभएको छ। निनु चापागाईंले उठाएका दीर्घकालीन र सचेतन प्रयासको सन्दर्भलाई यहाँ उपयुक्त ठहऱ्याउन सकिन्छ। तर जति निरन्तर प्रयास हुनु पर्थ्यो त्यो हुन सकेको छैन, अझै पनि सक्षम र रूपान्तरित नेतृत्वको खाँचो रहेको छ।

संस्कारहरूका सम्बन्धमा मोदनाथ प्रश्रितले पनि धेरै विवेचना र विश्लेषण गर्दै विकल्प प्रस्तुत गर्नुभएको छ। हजारौँ वर्षदेखिको दासप्रथा, सामन्तवादी संस्कार र आचारपद्धति सयौँ वर्षदेखिको विदेशी दासताको संस्कारले जकडिएको नेपाली जनताको मानसिक संसारलाई ती सब कुराबाट पूरा मुक्त गरेर देश र विश्वको परिवर्तित परिस्थिति – अनुरूप अघि बढाउन प्रजातान्त्रिक संस्कार र आचापद्धति विकास गर्दै जानु आवश्यक रहेको उहाँको विचार छ। यसको सुरुवात घरपरिवारबाटै हुनुपर्ने उहाँको जोड रहेको छ। समाजलाई त्यो स्थितिमा पुऱ्याउन नयाँ चेतनाको प्रचार र निर्माणको दीर्घकालीन भगीरथ प्रयत्नको खाँचोमा उहाँले दिनुभएको महत्त्वलाई सबै प्रगतिशील सांस्कृतिक आन्दोलनकर्मीले मनन गर्न आवश्यक रहेको छ।

विभिन्न जातिहरूले मान्ने संस्कारहरूमा भिन्नता भए पनि ती धर्म र तन्त्रसँग सम्बन्धित रहेका छन्। कतिपयमा हिन्दुधर्मको प्रत्यक्ष प्रभाव र समानता रहेको पाइन्छ। खर्चको हिसाबले ती संस्कारहरू खर्चिला छन् र सामान्य नागरिकले धान्न नसक्ने खालका छन्। ती संस्कारहरू छोटो समयको, धार्मिक विधिबाट मुक्त र कम खर्चिलो हुनुपर्ने देखिन्छ।

## *निष्कर्ष*

मार्क्सवादीहरूले परम्परागत चाडपर्व र संस्कारको चर्चा र विश्लेषण गर्दा पुँजीवादले सृजना गरेको वर्गलाई छोड्नु हुँदैन। तर यतिमै विश्लेषक तथा सांस्कृतिककर्मीले छुट पाउँदैनन्। चाडपर्व र संस्कार कसरी जनतामा अन्तर्घुलित भएका छन् भन्ने कुरामा विभिन्न कोणजस्तै सामाजिक सम्बन्ध र अहिलेको भूमण्डलीकरणबाट विश्लेषण गर्नु जरुरी हुन्छ; जसले गर्दा तिनीहरूको विकल्प प्रस्तुत गर्दै परिवर्तन गर्न सकियोस्। चाडपर्व र संस्कारको अध्ययन र रूपान्तरणमा छुटाउन नहुने कुरा भूमण्डलीकरण र उत्तरआधुनिकतावादको विश्लेषण र त्यसको प्रभावको अध्ययन हो। भूमण्डलीकरण अहिले दुई तहमा भइरहेको छ; पहिलो माथिल्लो तहबाट र अर्को तल्लो तहबाट। माथिल्लो तह भन्नाले अमेरिकी प्रभुत्व र त्यसका मतियार अन्तर्राष्ट्रिय सङ्घसंस्था (जस्तै– विश्व बैङ्क, विश्वव्यापार सङ्गठन) आदिबाट र तल्लो तह भन्नाले जनस्तरबाट उठेको त्यस विरुद्धको स्वर हो। संस्कृति, चाडपर्व र संस्कारको रूपान्तरणका लागि तल्लो तहमा रहेको विद्रोह र विरोधको स्वरलाई आत्मसात् गरेर जनतालाई गोलबद्ध गर्न सकिन्छ। यसका लागि भूमण्डलीकरणले उपलब्ध गराएको इन्टरनेट, फेसबुक, टेलिभिजन र मोबाइलफोन आदि प्रयोग गर्न सकिन्छ। चाडपर्व र संस्कारको रूपान्तरणको प्रभावकारिता बढाउन हामीले तल्लो तहको असन्तोष प्रयोग गर्न सकिन्छ। रूपान्तरण क्रमिक सुधारबाट भए पनि परम्परागत संस्कृति, चाडपर्व र संस्कारलाई परिवर्तन गर्दै कर्ममुखी संस्कृति, चाडपर्व र संस्कारको स्थापना हुन सक्छ; जसमा निम्न वर्गको प्रतिनिधित्व रहन्छ। चाडपर्व र संस्कारमा धर्म र राज्यको प्रभाव पूर्ण रूपमा हटेपछि मात्र रूपान्तरणको प्रक्रिया अगाडि बढ्छ।

## *सन्दर्भ सामग्रीसूची*


किरण (२०६५). *नेपाली समाज र संस्कृति.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

खनाल, डिल्लीराम (२०७५). 'चाडपर्वको मानवशास्त्रीय पाटो'. *नागरिक दैनिक.* ( कार्तिक २). https://nagariknews.nagarikne- twork.com/ social-affairs/162289-1539908100.html

गिरी, अमर (२०६७). *समय, समाज र संस्कृति.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

चापागाइँ, निनु .(२०५९). *सन्दर्भः संस्कृति र सांस्कृतिक रूपान्तरण.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि

चापागाइँ, निनु .(२०६७). *सांस्कृतिक रूपान्तरण.* काठमाडौं : खोजी प्रकाशन गृह प्रा.लि.
चैतन्य .(२०६६). *मार्क्सवाद र संस्कृति.* काठमाडौं : सहिद स्मृति प्रकाशन
प्रश्रित, मोदनाथ .(२०५८). *संकलित रचनाहरू.* (खण्ड–६). काठमाडौं : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर
Anderson, M. M. (1917). *The festivals of Nepa*l. India: Pupa & Co.
Bourdieu, P. (1990). *The logic of practice*. Cambridge, UK: Polity Press
Burris, V.(1987). 'The neo-Marxist synthesis of Marx and Weber on class, in Wiley', N. (ed.), *The Marx-Weber Debate*. Newbury Park, CA: Sage Publications, pp. 67-90.
Dhakal, C.P.(2022). 'Relation between Festivals and Economic Activities in Nepal'. *Nepal Journal of Multidisciplinary Research (NJMR*), 5 (4), 97-105, DOI: https://doi.org /10.3126/ njmr.v5i4.49854
Elias, N. (1994). *The Civiling Process: Sociogenetic and Psychogenetic Investigation'*. (First English Ed., E. ]ephcott, Trans.). Oxford, UK: Blackwell Publishing.
Foucault, M. (1982). *The subject and power*. Critical inquiry, 8(4), 777-795.
Geertz, C.(1995). *The Interpretation of Cultures*. London. UK: Hutchinson
Haas, H., Fransen, S., Natter, K., Schewel, K., & Vezzoli, S. (2020). *Social Transformation. The IMI working paper series. No. 166,* International Migration Institute.
Kellner, D. (2002). 'Theorizing globalization'. *Sociological Theory.* 20(3), pp. 285-305. New York, NY: American Sociological Association.
Lenin, V.I. (1965). *Lenin Collected Works.* Vol.10, pp. 83-87. Moscow, USSR: Progressive Publishers.
Macionis, J. J. (1987). *Sociology. New Jersey.* NJ: Prentice-Hall.
Marx K .([1843] 2002b). On the Jewish question. In: Raines, J (ed.). *Marx on Religion*. Temple University Press, pp.44–69.
Marx, K., & Engels, F. (1848/1972). *Manifesto of the Communist Party. Moscow, USSR*:The Progress Publishers.
Robinson, M. (2008). Hybrid states : Globalisation and the politics of state capacity. *Political Studies.* 56(3), 566-583.
Robinson, W. (1998). 'Beyond the nation-state paradigm: Globalization, Sociology and the challenge of transnational studiej'm. *Sociological Forum*, 13 (4), 561-594
Schaefer, R.T.(2006).Sociology: *A Brief Introduction. New Yor*k, NY: McGraw-Hill Publishing Company Limited.
Sztompka, P. (1993). *The Sociology of social change*. Cambridge, USA: Wiley-Blackwell.
Weber, M. (1922). *Economy and Society : An Outline of Interpretive Sociology*. California, USA: University of California Press.